बैठक नं. १०

(निर्णय संख्या ६८)

आज मिति २०८१/११/०४ गते बिहान ११:०० बजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त वस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत छैटौं | श्री विमला गैह्रे | |
| १६. | सूचना प्रविधि अ. | श्री सुरज पाठक | |
| १७. | का.स. | श्री विष्णु ब. पौडेल | |
| | | | |
| | | | |

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

मिति: २०८१/११/०४ बैठक नं १० बैठक संख्या: ६८

निर्णय नं १

**प्राप्त पत्र बारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो।

निर्णय नं २

**आ.व. २०८२/०८३ को लागि राष्ट्रिय योजना आयोगमा पेश गर्ने विशेष र समपुरक अनुदान तर्फका आयोजना/कार्यक्रमहरुका सम्बन्धमा:**

आ.व. २०८२/०८३ को लागि तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरु सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत राष्ट्रिय योजना आयोग समक्ष माग गर्ने निर्णय गरियो।

**समपुरक अनुदान तर्फ**

१. कोषढुङ्गा फुरुङ्दी सातविसे मो बा स्तरोन्नति रम्भा- ५

२. रिमिघा पर्यटन प्रवर्द्धन कार्यक्रम रम्भा- २ र ३ क्रमागत

३. पिपलटारी कुडुले लिनमुनी धौवादी मो.बा. स्तरोन्नति योजना रम्भा- ३ र ४

**विशेष अनुदान तर्फ**

१. स्वास्थ्य संस्थाको गुणस्तर सुधार तथा पोषण मैत्री स्थानीय शासन रम्भा गा.पा.

२. साना हुँगी मा.वि. भवन तथा खेलमैदान निर्माण रम्भा- २

३. उद्यमशिलता रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायीकरण रम्भा गाउँपालिका **क्रमागत योजना**

४.कालीगण्डकी पर्यटकीय पदमार्ग निर्माण रम्भा- १

निर्णय नं ३

**प्रशासकीय भवन निर्माण सम्बन्धमा:** रम्भा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि तयार भएको DPR मा उल्लिखित लागत अनुमान रु ९७४६३२०६.७७( अक्षेरपि नौ करोड चौरहत्तर लाख त्रिसठ्ठी हजार दुई सय छ रुपैया पैसा सतत्तर मात्र) स्वीकृत गरि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधी,२०७८ बमोजिम प्रशासकीय भवन निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो।

निर्णय नं ४

**घरवास कार्यक्रम संचालन कार्यविधि,२०८१ स्वीकृत सम्बन्धमा:** नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सुनिश्चितताको लागि गरिबिको रेखामुनी रहेको प्रकोपको कारण वा बसोबास गर्दै आइरहेका घर भत्केको वा विग्रेको कारण बसोबास गर्न अनुचित भई घरवार विहिन भएका घर परिवारहरुको लागि सुरक्षित आवास निर्माण कार्यान्वयन गर्न रम्भा गाउँपालिकाको **घरवास कार्यक्रम संचालन कार्यविधि**,२०८१ स्वीकृत गरि कार्यान्वयन गर्ने।

मिति: २०८१/११/०४ बैठक नं १० बैठक संख्या: ६८

**निर्णय नं ५**

**ह्युम पाइप खरिद:** लसुने ओमभञ्ज्याङ मोटरबाटो अन्तर्गत टिस्टीकुन खोला आसपासको वस्ती संरक्षण गर्ने प्रयोजनार्थ उक्त खोलाको लागि लागत अनुमान बमोजिम विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि आवश्यक ह्युम पाइप खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ६**

**विद्युत ट्रान्सफर्मर तथा विद्युत पोल व्यवस्थापन:** रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम विद्युत पोल र ट्रान्सफर्मर खरिद शिर्षकबाट भुक्तानी हुने गरि नियमानुसार खरिद प्रक्रिया अघि बढाउने ।

**निर्णय नं ७**

**विद्यूत पोल व्यवस्थापन:** रामपुर आर्यभञ्ज्याङ सडक अन्तर्गत रम्भा गाउँपालिकाको कार्यक्षेत्रमा पर्ने ताहुँ हुमिन सेर्कावास सडक खण्डमा रहेका विद्युतिय संरचना स्थानान्तरणको लागि नेपाल विद्युत प्राधिकरण पाल्पा शाखाबाट तयार पारिएको लागत अनुमान बमोजिम कुल लागतको १५ प्रतिशतले हुन आउने रकम लागत साझेदारी कार्यक्रमबाट व्यवस्थापन गर्ने ।

**निर्णय नं ८**

**आक्वा कुलो मर्मत:** २०८१ आषाढमा आएको अविरल बर्षाको कारण आएको पहिरोले गल्याङ नगरपालिका तथा रम्भा गाउँपालिका वडा नं १ मा अवस्थित आक्वा कुलोको विभिन्न संरचनाहरुमा क्षति पुगेको र सोको पुनर्निर्माण गरि कृषि योग्य भूमिमा सिंचाई सुविधा सुचारु गर्न रु ४,००,०००(अक्षरेपि चार लाख रुपैया) विपद व्यवस्थापन कोषबाट व्यवस्थापन गर्ने ।

**निर्णय नं ९**

**हुँगी प्रहरी चौकी स्तरोन्नतिको लागि आवश्यक जग्गा व्यवस्थापन सम्बन्धमा:** रम्भा गाउँपालिका वडा नं १ हाल हुँगी प्रहरी चौकी रहेको आसपासको ४६ मिटर मोहडा र ११४ मिटर पिछाड रहने गरि अमिल्टार सामुदायिक वनले चर्चेको १५ रोपनी सार्वजनिक जग्गा हुँगी प्रहरी चौकी स्तरोन्नतिको लागि खेलमैदान यथावत रहने गरी आवश्यक जग्गा व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा अमिल्टार सामुदायिक वन उपभोक्ता तथा १ नं वडा कार्यालयबाट लेखि आएको हुदाँ नियमानुसार उल्लेखित जग्गा हुँगी प्रहरी चौकी स्तरोन्नतिको लागि उपलब्ध गराउन आवश्यक प्रक्रिया अघि बढाउन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं १०**

**अपुग रकम भुक्तानी सम्बन्धमा:** रम्भा गाउँपालिकाको आयोजना र साझेदार स्वास्थ्य संस्था पाल्पा लायन्स लाकौल आँखा अस्पतालको प्राविधिक सहयोगमा मिति २०८१ पौष २५ र २६ गते रम्भा ४ स्थित हुमिन स्वास्थ्य चौकीमा संचालन भएको निशुल्क मोतियाबन्दु अपरेसन शिविरमा खर्च भएको अपुग रकम रु ३८,८२८।(अक्षरेपि अड्तिस हजार आठ सय अट्ठाइस रुपैया) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने ।

मितिः २०८१/११/०४ बैठक नं १० बैठक संख्याः ६८

**निर्णय नं ११**

**सडक मर्मतको रकम भुक्तानी सम्बन्धमाः** यस रम्भा गाउँपालिकाका विभिन्न क्षेत्रका तपसिल बमोजिमका सडक तपसिल बमोजिमका कन्स्ट्रक्सन कम्पनी/उपभोक्ता समिति मार्फत मर्मत कार्य सम्पन्न भएको हुदाँ तपसिल बमोजिमको रकम तपसिल बमोजिम शिर्षकबाट भुक्तानी दिने।

| क्र सं | मर्मत भएको मो.बा. | कन्स्ट्रक्सन/उपभोक्ता समिति | भुक्तानी हुने रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | खोक्खोला ओमभञ्ज्याङ पालिका पहुँच मार्ग | श्री बन्दिपुरे थापा हार्डवयर,उत्साही निर्माण सेवा पूर्वखोला गा.पा. ५, पाल्पा | २९२२३१।६७(दुई लाख बयानब्बे हजार दुई सय एकतिस रुपैया पैसा सत्सठ्ठी मात्र) (मु अ कर सहित | सडक मर्मत संभार |
| २ | चण्डेश्वरी प्रा.वि. हुमिन | | | |
| ३ | भिमाद मस्याङ्दी मो.बा. | | | |
| ४ | हुमिन ताहुँ मो.बा. | | | |
| ५ | सुनधारा हाकडाँडा मो.बा.रम्भा ३ | | | |
| ६ | सामुदायिक स्वास्थ्य इकाई पछाडिको मो.बा. रम्भा गा.पा.- ५ | स्वास्थ्य पछाडि मो बा उपभोक्ता समिति | ८६,८९५(छेयासी हजार आठ सय पन्चानब्बे) | सडक मर्मत संभार |

**निर्णय नं १२**

**एम्बुलेन्स मर्मत सम्बन्धमाः** रम्भा गाउँपालिका अन्तर्गत हुँगी स्वास्थ्य चौकी,पिपलडाँडा स्वास्थ्य चौकी र ताहुँ प्राथमिक स्वास्थ्य केन्द्रबाट संचालित एम्बुलेन्स मर्मत तथा कलर गर्दा लागेको तपसिल बमोजिमको अपुग रकम छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने।

| क्र सं | विवरण | सवारी नं | खर्च भएको रकम(भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| | | | ११३९४१।९० | |
| १ | हुँगी एम्बुलेन्स | लु १ झ ४१३ | १७५०७२ | |
| २ | ताहुँ एम्बुलेन्स | लु १ झ ५५४ | १३२३८० | |
| ३ | पिपलडाँडा एम्बुलेन्स | लु १ झ ~~६६८~~ ६८८ | ५०१३९३।९० | |
| कूल जम्मा | | | ३००००० | |
| विनियोजन भएको बजेट | | | २०१३९३।९० | |
| अपुग बजेट | | | | |

**निर्णय नं १३**

**गाउँपालिकाको प्रतिक चिन्ह स्वीकृत सम्बन्धमाः** रम्भा गाउँपालिकाको मिति २०८१/१०/०७ गते गाउँपालिकाको प्रतिक चिन्ह(लोगो) निर्माण गर्ने सम्बन्धी सूचना बमोजिम गाउँपालिकाको कार्यालयमा ३ वटा संस्था तथा व्यक्तिहरुले निवेदन पेश गरेकोमा यस गाउँकार्यपालिका बैठकमा गाउँपालिकामा पेश भएका ३ वटै प्रस्ताव माथि छलफल गर्दा युवराज अर्याल रम्भा गाउँपालिका- १, पाल्पाबाट पेश भएको गाउँपालिकाको प्रतिक चिन्ह गाउँपालिकाबाट तोकेको मापदण्ड बमोजिम रहेको हुदाँ उक्त प्रस्ताव स्वीकृत गर्ने।

मितिः २०८१/११/०४ बैठक नं १० बैठक संख्याः ६८

निर्णय नं १४

**पूर्वाधार विकास शाखामा कार्यरत कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धमाः** यस गाउँपालिकाभित्रका योजनाहरुबाट नियमानुसार कट्टि भएको कन्टिन्जेन्सी रकम बाट, सम्पन्न हुन बाँकी रहेका योजनाहरुको चाप समेतलाई मध्यनजर गर्दै चालु आ.व. को कार्तिक देखि असार सम्मको लागि इञ्जिनियर, सब इञ्जिनियर र अ. सब इञ्जिनियरहरुलाई सेवा सुविधामा दोहोरो नपर्ने गरी मासिक रुपमा क्रमशः रु ७,००० रु ६,००० र ५५०० को दरले फिल्ड भत्ता उपलब्ध गराउने ।

निर्णय नं १५

**मनसुनजन्य विपद प्रभावित निजी आवास निर्माणको लागि साझेदारी अनुदान सम्बन्धमाः** मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधी,२०७७ बमोजिम लाभग्राही कायम भई सम्झौता भएका व्यक्ति वा परिवारलाई अनुदान उपलब्ध गराउने प्रयोजनार्थ कार्यविधिको परिच्छेद ३ दफा बमोजिम गाउँपालिकाले व्यहोर्नुपर्ने रकम लागत साझेदारी शिर्षकबाट सम्बन्धित कार्यालयमा भुक्तानी गर्ने ।

निर्णय नं १६

**सेवा प्रवाहको सम्बन्धमाः** यस रम्भा गाउँपालिका भित्रका वडाहरु तथा विभिन्न कार्यालयहरुबाट हाल सम्म भएका विविध कार्यहरुको सम्बन्धमा छलफल गरियो । साथै सेवा प्रवाहलाई थप चुस्त दुरुस्त बनाउन तथा सेवाग्राहीमैत्री कार्यालय स्थापनाको लागि नागरिक बडापत्र र सुचना पाटीको उच्चतम उपयोग गर्नको लागि नागरिकहरुलाई सुसूचित गराउने निर्णय गरियो ।

निर्णय नं १७

**नर्सरी स्थापना तथा संचालन सम्बन्धमाः**

रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम हरित वेल्ट निर्माण/नर्सरी स्थापना वृक्षारोपण र संरक्षण शिर्षकमा विनियोजित बजेटबाट रम्भा गाउँपालिका वडा नं १ मा ३०००००(अक्षेरपि तिन लाख) र रम्भा गाउँपालिका वडा नं ३ मा रु २०००००(अक्षेरपि दुई लाख) बराबरको नर्सरी स्थापना गर्ने गरि कार्य अघि बढाउने ।

निर्णय नं १८

**प्रस्तावना अनुमोदनः** नेपाल मगर संघबाट पेश भइ स्वीकृत भएको प्रस्तावना अनुमोदन गरि फाल्गुण १५ गते मगर दिवसलाई भव्यताको साथ सम्पन्न गर्ने साथै उक्त दिन रम्भा गाउँपालिकाभित्रका सरकारी कार्यालयहरु,स्वास्थ्य संस्थाहरु,शिक्षण संस्थाहरु तथा अन्य सार्वजनिक संघसंस्थाहरुमा सार्वजनिक विदा दिने ।

निर्णय नं १९

**आर्थिक सहयोग सम्बन्धमाः**

- तपसिल बमोजिमको उद्देश्यले गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुलाइ तपसिल बमोजिमको सहायता रकम तपसिल बमोजिमको शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

मिति: २०८१/११/०४ बैठक नं १० बैठक संख्या: ६८

तपसिल:

| क्र.सं. | संस्थाको नाम ठेगाना | उद्देश्य | सहायता रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल | | रु १०,०००। | छुटपुट चालु खर्च |
| २ | नेपाल विद्यार्थी मगर संघ | | रु १०,०००। | छुटपुट चालु खर्च |
| ३ | कालीगण्डकी गुरुकुलममा अध्ययनरत विद्यार्थी सागर दुवे रम्भा १(अभिभावक विहिन | उपचार सहायता | रु २०,०००। | गरिव परिवार सहायता/सामाजिक सुरक्षा |

**निर्णय नं २०**

**सार्वजनिक शौचालय निर्माण**: गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम तथा योजना अनुसार सार्वजनिक शौचालयहरु निर्माण शिर्षकमा विनियोजित बजेट रु १५,००,०००। (अक्षरेपि पन्ध्र लाख) बाट गाउँपालिकाको ५ वटै वडामा सार्वजनिक शौचालय निर्माणको लागि वडा समितिको निर्णयसहित गाउँपालिकाको कार्यालयमा पेश गर्ने साथै प्रत्येक वडाबाट पेश हुन आएका शौचालयहरु लाई रु ३०००००(अक्षरेपि तिन लाख) का दरले रकम व्यवस्थापन गर्ने।

**निर्णय नं २१**

**रकमान्तरण सम्बन्धमा**: रम्भा गाउँपालिकाको चालु आ.व.को स्वीकृती वजेटबाट तपसिल बमोजिमको शिर्षकबाट अपुग रकम देहाय बमोजिमको शिर्षकमा रकमान्तरण गर्ने निर्णय गरियो।

| क्र.सं. | शिर्षक | रकमान्तरण भइ जाने शिर्षक | कैफियत |
|---|---|---|---|
| १ | लागत साझेदारी कार्यक्रम | विपद व्यवस्थापन कोष | मनसुनजन्य विपदबाट प्रभावित परिवारको लागत साझेदारीमा घर निर्माण गर्न। |
| २ | डोजर संचालन तथा व्यवस्थापन | इन्धन (कार्यालय प्रयोजन) | इन्धन प्रयोजनमा नपुग रकम। |